प्रेस विज्ञप्ती

## साँस्कृतिक सम्वेदनशीलता विकास रणनीति, महिलाको समानतामा सफलता प्राप्त गर्न जटिल रहेको पछिल्लो प्रतिवेदनले देखाएको छ

संयुक्त राष्ट्रसङ्घ, न्यूयोर्क, १२ नोभेम्बर २००८ - साँस्कृतिक मूल्यप्रति सम्वेदनशील रहने विकास रणनीतिहरुले महिलाविरुद्धका हानिकारक अभ्यासहरुलाई न्यून गर्न र मानव अधिकारको प्रबर्द्धन गर्न सक्छन् । संयुक्त राष्ट्र जनसंख्या कोष (युएनएफपिए) को विश्व जनसंख्या स्थिति २००८ को प्रतिवेदनले यसबाट लैंगिक समानता र महिलाको सशक्तिकरण गर्न समेत सघाउने निश्चित गरेको छ ।

सन् २००८ को नोभेम्बर १२ मा सार्वजनिक गरिएको प्रतिवेदन *हाम्रो साझा लक्ष्य : संस्कृति, लैंगिक र मानव अधिकार*ले गरिब राष्ट्रहरुको विकास सफल हुन केन्द्रीय भागमा संस्कृति रहेको हुन्छ, र यसलाई विकास नीति र कार्यक्रममा एकीकृत गर्नुपर्दछ भन्ने देखाएको छ ।

मानव अधिकारको विश्वव्यापी घोषणाको ६०औं वर्षको अवसरलाई समेत ध्यान दिंदै उक्त प्रतिवेदन अन्तर्राष्ट्रिय मानव अधिकार प्रारुपको विश्वव्यापी मान्यताको अवधारणाका आधारमा अनुरुप रहेको छ । सबै संस्कृतिमा समानरुपमा रहेका मूल्यलाई मानव अधिकारले अभिव्यक्त गर्दछ र यसले हरेक व्यक्ति एवं समूहको संरक्षण गर्दछ । प्रतिवेदनले विकासमा साँस्कृतिकरुपमा सम्वेदनशील पद्धतिलाई आत्मसात गर्ने र सामान्यरुपमा मानव अधिकारको, र खासरुपमा महिलाको अधिकारलाई प्रबर्द्धन गर्ने कुरामा जोड दिएको छ ।

"मानव अधिकारको सम्मान सबैको दायित्व हो, र साँस्कृतिकरुपमा सम्वेदनशील हुनु र सन्दर्भ बुझ्नु सबैको काम हो" युएनएफपिएका कार्यकारी निर्देशक थोराया अहमद ओवाइदले बताउनुभयो ।

साँस्कृतिक सम्वेदनशील पद्धतिले साँस्कृतिक सहजताका लागि कसरी संस्कृतिले कार्य गर्दछ भनेर परिचित हुने, र तिनीहरुसंग कसरी सहकार्य गर्ने भनेर आह्वान गर्दछ । प्रतिवेदनले साझेदारीमार्फत् - उदाहरणका लागि युएनएफपिए र स्थानीय गैर सरकारी संस्थाहरु (गैसस)बीच - महिलाको सशक्तीकरण र लैंगिक समानता, र महिलाको जनेन्द्रियको अङ्गभङ्ग वा छेदनजस्ता मानव अधिकार दुर्व्यवहारको अन्त्य गरी मानव अधिकारलाई प्रबर्द्धन गर्न प्रभावकारी रणनीतिहरु सिर्जना गर्न सक्दछ भन्ने सुझाव दिएको छ ।

साँस्कृतिक सम्वेदनशील पद्धतिहरुले संस्कृतिबीचनै रचनात्मक समाधानको खोजी गर्दछ, र तिनीहरुसंग मिलेर कार्य गर्दछ । "समुदायहरुले आफ्ना साँस्कृतिक मूल्य र अभ्यासहरुलाई नियाल्नु पर्दछ र मानव अधिकारको प्राप्तीमा बाधक वा प्रबर्द्धक छन् भनेर निर्क्यौल गर्नुपर्दछ । त्यसपछि मात्र तिनीहरुले सकारात्मक पक्षलाई सुदृढ गर्न र नकारात्मक कुरालाई परिवर्तन गर्न सक्छन्" ओवाइदले भन्नुभयो ।

साँस्कृतिक सम्वेदनशीलता र प्रतिबद्धतालाई स्वीकार्नु हानिकारक परम्परागत अभ्यासहरुको स्वीकारोक्ति हो भन्ने विश्व जनसंख्या प्रतिवेदनको अर्थ होइन, अथवा मानव अधिकार दुव्यर्वहार वा उल्लङ्घनका लागि यो एउटा स्वतन्त्र अनुमति हुन सक्दैन भनेर सचेत गराएको छ । मानव अधिकारमाथि हानी पुऱ्याउने मूल्य र अभ्यासलाई सबै संस्कृतिमा भेट्टाउन सकिन्छ । साँस्कृतिक वास्तविकतालाई बुझ्न सकेमा त्यो अत्यन्त प्रभावकारी उपायको रुपमा देखा पर्नेछ जसले त्यस्ता हानिकारक साँस्कृतिक अभ्यासहरुलाई चुनौति दिन र लाभ प्राप्त गर्नेहरुलाई सबलीकरण गर्न सक्दछ ।

महिलाको अधिकारको समर्थनमा धेरैवटा घोषणा र प्रतिबद्धता आएका भए पनि लैंगिक असमानता व्यापकरुपमा रहेको र विभिन्न संस्कृतिमा गहिरोरुपमा जरा गाडेको प्रतिवेदनले औंल्याएको छ । साँस्कृतिक शक्ति दबाबबाट समेत परिचालित हुने गर्दछ, उदाहरणका लागि, मातृ मृत्युका प्रमुख कारण उत्पन्न गराउने बाल विवाह (फिस्टुला) र योनी

**United Nations Population Fund, the UN House, Pulchowk, Lalitpur, Nepal. P.O. Box 107**
**Telephone: +977-1-5523637, 5523880; Fax: 5523985, 5527257; E-mail: registry-np@unfpa.org http://nepal.unfpa.org**

छेदन पर्दछन् । यी र यस्तै हानिकारक अभ्यासहरु नियन्त्रण गर्न कानुनी व्यवस्था भए पनि धेरै देशहरुमा यो कायम छ । बालबालिका र आफैंलाई संरक्षण हुने विश्वासमा महिलाहरुले यस्ता कार्यमा सहयोग गर्न सक्छन् ।

युएनएफपिएको कार्य पद्धतिले भित्रैदेखि हुने परिवर्तनलाई प्रेरित गर्दछ । कोषले "संस्कृति दृष्टिकोण" मार्फत् सरकार र विभिन्न स्थानीय संस्था तथा व्यक्तिमार्फत् कार्य गर्दछ । "हरेक संस्कृतिमा यस्ता हानिकारक साँस्कृतिक अभ्यासहरुको विरोध गर्ने मानिसहरु हुन्छन् । हाम्रो अनुभवले के देखाएको छ भने मानव अधिकारको संरक्षणका निम्ति साँस्कृतिक परिवर्तन गर्न उनीहरुसंग निकटमा रहेर कार्य गर्न सक्दछौं" ओवाइदले बताउनुभयो ।

प्रतिवेदनले साँस्कृतिकरुपमा सम्वेदनशील पद्धतिको विकासका लागि मात्र महत्व दिने होइन कि मानवीय पक्षमा समेत जोड दिएको छ । यसले द्वन्द्वका क्रममा मानवीय सहायताको क्रममा प्रजनन स्वास्थ्य र अधिकार समेत लैंगिक समानताको क्षेत्रमा महिलाले हासिल गर्ने उपलब्धीलाई संरक्षण गरिनुपर्दछ भन्नेमा जोड दिएको छ ।

महिलालाई पीडितको रुपमा व्याख्या गर्ने र पुरुषलाई आक्रमणकारीको रुपमा लिने कार्यले युद्धकालमा परिवारको प्रमुख हुने, परिवारका लागि खानेकुरा जुटाउने, हेरचाह गर्ने र लडाकु हुनेजस्ता भूमिका निभाउने महिलाका विविध जिम्मेवारीलाई वेवास्ता गर्दछ ।

साँस्कृतिकरुपमा सम्वेदनशील पद्धतिहरुबाट सहस्राब्दी विकास लक्ष्य ५ : मातृ स्वास्थ्यमा सुधार समेत हासिल गर्न आवश्यक छ, प्रतिवेदनले भनेको छ । "गर्भवती हुनुपूर्व, गर्भधारणको अवधिमा र प्रसुती भएपछि अर्थात जीवनकालभर स्वस्थ रहनु मानव अधिकार हो" ओवाइदले भन्नुभयो ।

प्रतिवेदनले स्थानीय अवस्था, मानिसहरुको चाहना र साँस्कृतिक सन्दर्भ लेखाजोखा गर्नु विकासका नीतिहरुका लागि पूर्वसर्त हो भनेर निचोड निकालेको छ ।

"राम्रो वा नराम्रोका लागि संस्कृति परिवर्तन हुन्छ । सबै परिस्थितिमा मानव अधिकारको प्रबर्द्धन गर्नुपर्छ भनेर जोड दिँदै प्रतिवेदन आएको छ" ओवाइदले भन्नुभयो । "संस्कृति भत्काउनै नसक्ने पर्खाल होइन । यो त एउटा बाहिरी हेर्ने झ्याल हो, मानव अधिकारमा थप प्रगति गर्न खोलिएको एउटा ढोका हो ।"

***

संयुक्त राष्ट्र सङ्घीय जनसंख्या कोष, युएनएफपीए, एउटा अन्तर्राष्ट्रिय विकास संस्था हो जसले स्वस्थ जीवन र समान अवसर हासिल गर्न प्रत्येक महिला, पुरुष र बालबालिकाको अधिकार प्रबर्द्धन गर्दछ । युएनएफपिएले गरिबी कम गर्ने एवँ विकास तथा नीति र कार्यक्रमहरुमा जनसंख्या तथ्याङ्कको प्रयोग गर्ने तथा हरेक गर्भधारण इच्छाइएको होस्, हरेक जन्म सुरक्षित होस्, हरेक युवा एचआइभी/एड्सबाट मुक्त होऊन् र हरेक बालिका र महिलामाथि सम्मान र प्रतिष्ठापूर्ण व्यवहार गरियोस् भन्ने कुराको सुनिश्चित गर्न यो सहायता गर्दछ ।

**United Nations Population Fund, the UN House, Pulchowk, Lalitpur, Nepal. P.O. Box 107**
**Telephone: +977-1-5523637, 5523880; Fax: 5523985, 5527257; E-mail: registry-np@unfpa.org http://nepal.unfpa.org**